# द लिड नेपाल

वीरेन्द्रनगर-४, सुर्खेत

**वार्षिक प्रतिवेदन**

**२०७९/२०८०**

---

## पृष्ठभूमि

द लिड नेपाल एक गैरराजनीतिक मुनाफारहित जनहितकारी संस्था हो। वीरेन्द्रनगर नगरपालिका वडा नं ४, सुर्खेत, नेपालमा अवस्थित रहेको यस संस्थाले वर्तमान परिस्थितीमा रोजगारको कमी, गरिबी, जातिय विभेद, लैंगिक विभेद, शिक्षा र स्वास्थ्यबाट वञ्चित युवा, महिला, वृद्ध तथा बालबालिकाहरुको उच्चतम हितमा काम गर्दै आएको छ। समाजमा रहेको सामुदायिक समस्याको न्युनिकरण गरी समुदायको हित र विकासको लागि काम गर्ने उदेश्यले यस संस्था स्थापित गरिएको हो। समाजले प्रगति गर्दै जाँदा हजारौं मानिस, परम्परा र संस्कृतिको प्रतिनिधित्व गर्ने शब्द दुःख र अन्यायको पर्यायवाची बन्दै गएको छ। नेपालका अधिकांश समुदायहरुमा समावेशिताका कथाहरू एक पुस्ताबाट अर्को पुस्तामा सरेका छन्।

हामी विश्वास गर्छौ कि सबैसँग संसार परिवर्तन गर्ने शक्ति हुन्छ। नेपालका हरेक समुदाय भित्रका व्यक्तिले आफ्नो भविष्यको क्षितिज विस्तार गर्न सक्छन् तर अवसरहरूको अभाव छ। द लिड नेपाल यही कथा परिवर्तन गर्न चाहन्छ। हामी इतिहासले गरेको क्षतिलाई पूर्ववत गर्दै नेतृत्व र रचनात्मकतालाई प्रेरित गर्ने भविष्य सिर्जना गर्न चाहन्छौँ। विगत एक वर्षमा यस संस्थाले योजना अनुसार आफ्नो समुदायको हित र विकासका विभिन्न कार्यहरु गर्न सफल भएको छ।

**यस संस्थाले आ.व. २०७९/०८० मा गरेको कार्यहरुको कार्य विवरण निम्न रहेका छन्:**

१. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम
२. सिकाईका लागि शिक्षण अन्तर्गत सामुदायिक सरसफाई कार्यक्रम
३. अमेरिकी राजदुतवासको बुकबस प्रोजेक्ट अन्तर्गत अध्ययन सम्बन्धि कार्यक्रम
४. सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत मोबाइल मर्मत तालिम
५. सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत कम्प्यूटर मर्मत तालिम
६. सीप रोजगारमूलक तथा क्षमता विकास तालिमको समापन तथा प्रमाण पत्र वितरण कार्यक्रम
७. सिकाईका लागि शिक्षण कार्यक्रम अन्तर्गत शैक्षिक सामग्री वितरण कार्यक्रम
८. सिकाईका लागि शिक्षण अन्तर्गत सामुदायिक विद्यालय स्तरीय आत्मरक्षा अभिमुखिकरण कार्यक्रम
९. सिकाईका लागि शिक्षण अन्तर्गत घरेलु बजेट व्यवस्थापन सम्बन्धि खुत्रुके कार्यक्रम
१०. सिकाईका लागि शिक्षण अन्तर्गत तनाव व्यवस्थापन सम्बन्धि बाल मैत्री जनचेतनामूलक कार्यक्रम

# द लिड नेपाल

वीरेन्द्रनगर-४, सुर्खेत
वार्षिक प्रतिवेदन
२०७९/२०८०

## १. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम

गत वर्ष २०७९ सालमा यस द लिड नेपालबाट सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रमको आयोजना गरिएको थियो जसमा हामीले दलित समुदायका ७ वर्षदेखि १५ वर्षसम्मका २० जना बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापमा क्षमता वृद्धि गर्न प्रत्येक शनिवार २ घण्टाको कक्षा कार्तिक २६ देखि चैत्र १८ सम्म नियमित ५ महिनासम्म संचालन गरेका थियौ। यसमा बालबालिकाहरुले चित्रकला, संगीत, लेखन शैली, अध्यन शैली, नृत्य, प्राविधिक सम्बन्धि अतिरिक्त क्रियाकलापका कक्षाहरु द लिड नेपाल रहेको कार्यलयमा संचालन गरिएको थियो। यस मनोरन्जनात्मक तथा शिक्षामूलक कार्यक्रमा आवद्ध हुँदा बालबालिकाहरुले आफुमा भएको क्षमतालाई नियालेर चिन्ने र त्यस क्षमतालाई यस कक्षाहरु मार्फत अझ तिखार्ने मौका पाएका थिए। उक्त ५ महिनाको कार्यक्रममा २० बालबालिकाहरुको भरपुर सहभागी रहेको थियो।









---

## २. सिकाईका लागि शिक्षण अन्तर्गत सामुदायिक सरसफाई कार्यक्रम

गत वर्ष माघ १४, २०७९ सालमा यस द लिड नेपालबाट सिकाईका लागि शिक्षण अन्तर्गत सामुदायिक सरसफाई कार्यक्रमको आयोजना गरिएको थियो। यस कार्यक्रममा वीरेन्द्रनगर नगरपालिका, वडा नं. ४, समावेशी टोलका ३० बालबालिका र त्यहाँका अन्य बासि सहभागी भई उक्त सरसफाई कार्यक्रमलाई सफल पारिएको थियो। स्वास्थ्य नै मानिसको सबैभन्दा ठुलो धन हो। यसका लागि हामीले विभिन्न रोगबाट बच्न र स्वस्थ जीवन शैलीको विकास गर्न आफ्नो समुदायलाई फोहोरमैलाबाट मुक्त गरि हाम्रो घर, आँगन र वरिपरिको वातावरण सफा राख्नुपर्छ भन्ने मुख्य उदेश्य र साना-साना बालबालिहरुको सहभागीता भएका कारण यस कार्यक्रमले सबैको ध्यान आकर्षण गरेको थियो।








# द लिड नेपाल

वीरेन्द्रनगर-४, सुर्खेत


वार्षिक प्रतिवेदन

२०७९/२०८०

## ३. अमेरिकी राजदुतवासको बुकबस प्रोजेक्ट अन्तर्गत अध्ययन सम्बन्धि कार्यक्रम

मिति २०७९/११/०६ गतेका दिन द लिड नेपाल र अमेरिकी राजदुतवासको बुकबस प्रोजेक्टको सहकार्यमा समुदायका बालबालिकाहरुलाई सहभागी गराई पुस्तक अध्ययन सम्बन्धिको एक दिने कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा बुकबसमा कार्यरत समुहले ४० बालबालिकालाई समावेश गराई २० जना साना उमेरका बालबालिकालाई प्रशिक्षकद्वारा “रिड अलाउड” कथा बाचन १.३० घण्टाको कक्षा संचालन गरिएको थियो जसमा ति बालबालिकालाई कथा सम्बन्धि मनोरन्जनका खेल र अतिरिक्त क्रियाकलापमा समेत गरिएको थियो र बाकी २० जना अलि ठुलो उमेरका बालबालिकालाई उनीहरुको रुची अनुसार बुकबसमा भएको पुस्तक पढ्न पाउने वातावरण सिर्जना गरिएको थियो । बुकबसको सहकार्यतामा आयोजित यस अध्ययन सम्बन्धि कार्यक्रमले हाम्रो समुदायका बालबालिकाहरुमा पढाईप्रतिको उनीहरुको रुची, महत्व र उत्साह बढ्नुका साथै सकारात्मक रुपले प्रभावित पारेको पाइएको थियो ।







## ४. सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत मोबाइल मर्मत तालिम

द लिड नेपाल र ४ नं. वडा कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको साझेदारीमा वडा नं. ४ का स्थानिय महिला र युवाहरुलाई सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत मोबाइल मर्मत तालिम मिति २०७९/१२/१३ गतेदेखि मिति २०८०/०२/१३ गतेसम्म संचालन गरिएको थियो। यस तालिमको उद्देश्य सहभागीहरूलाई विभिन्न मोबाइलको उपकरणहरू मर्मत र समस्या निवारण गर्न आवश्यक सीप र ज्ञान प्रदान गर्ने थियो। मिति २०८०/०१/२२ गते यस तालिमको पहिलो मूल्याङ्कन परिक्षा र मिति २०८०/०२/१२ गते अन्तिम मूल्याङ्कन परिक्षाको आयोजना गरिएको थियो जसमा सहभागीहरुले आफ्नो उपस्थिति जनाएर आफुले मर्मत सम्बन्धि जानेको कुरा कुन स्तरमा पुगेको छ भन्ने कुरा थाहा पाउनलाई मद्दत पुर्याएको थियो। यस तालिममा विद्यार्थीहरुलाई सैद्धान्तिक र प्रयोगात्मक अभ्यास मार्फत हार्डवेयर कम्पोनेन्ट, मोबाइल मर्मत प्रविधिका सिप बारे विस्तृत जानकारी पाउने अवसर प्रदान गरिएको थियो। यस सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत मोबाइल मर्मत तालिममा मोबाइल हार्डवयेर प्राविधिक पेशाको दक्षतामा आधारित ज्ञान र सिपहरु समावेश गरेर समग्र दुई महिने तालिमका कक्षाहरु संचालन भएको थियो।











# द लिड नेपाल

वीरेन्द्रनगर-४, सुर्खेत
वार्षिक प्रतिवेदन
२०७९/२०८०

## ५. सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत कम्प्यूटर मर्मत तालिम

द लिड नेपाल र ४ नं. वडा कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको साझेदारीमा वडा नं. ४ का स्थानिय महिला र युवाहरुलाई सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत कम्प्यूटर मर्मत तालिम मिति २०७९/१२/१३ गतेदेखि मिति २०८०/०२/१३ गतेसम्म संचालन गरिएको थियो। यस तालिमको उद्देश्य सहभागीहरूलाई विभिन्न कम्प्यूटरको उपकरणहरू मर्मत र समस्या निवारण गर्न आवश्यक सीप र ज्ञान प्रदान गर्ने थियो। मिति २०८०/०१/२२ गते यस तालिमको पहिलो मूल्याङ्कन परिक्षा र मिति २०८०/०२/१२ गते अन्तिम मूल्याङ्कन परिक्षाको आयोजना गरिएको थियो जसमा सहभागीहरुले आफ्नो उपस्थिति जनाएर आफुले मर्मत सम्बन्धि जानेको कुरा कुन स्तरमा पुगेको छ भन्ने कुरा थाहा पाउनलाई मद्दत पुर्याएको थियो। यस तालिममा विद्यार्थीहरुलाई सैद्धान्तिक र प्रयोगात्मक अभ्यास मार्फत कम्प्युटर मर्मतमा प्रयोग हुने उपकरणहरु प्रयोग गरि कम्प्यूटर मर्मत बारे विस्तृत जानकारी पाउने अवसर प्रदान गरिएको थियो। यस सीप रोजगारमूलक तथा क्षमता विकास कार्यक्रम अन्तर्गत कम्प्यूटर मर्मत तालिममा कम्प्यूटर हार्डवयेर प्राविधिक पेशाको दक्षतामा आधारित ज्ञान र सिपहरु समावेश गरेर समग्र दुई महिने तालिमका कक्षाहरु संचालन भएको थियो।









## ६. सीप रोजगारमूलक तथा क्षमता विकास तालिमको समापन तथा प्रमाण पत्र वितरण कार्यक्रम

द लिड नेपाल र ४ नं. वडा कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको साझेदारीमा रोजगार तथा स्वरोजगार भई सिपलाई श्रमसँग आवद्ध गराउने उद्देश्यले सीप रोजगारमूलक तथा क्षमता विकास अन्तर्गत संचालन गरिएको २- महिने कम्प्युटर तथा मोबाइल मर्मत तालिम मिति २०८०/०२/१३ गते सम्पन्न भएसँगै मिति २०८०/०२/१७ गतेका दिन सो तालिमको समापन तथा प्रमाण पत्र वितरण कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि, वीरेन्द्रनगर वडा नं. ४ का अध्यक्ष आदरणीय शेर बहादुर के. सी. ज्यू, विषेश अतिथि वडा नं. ४ का सचिव आदरणीय शम्भु प्रसाद उपाध्याय ज्यू, विषेश अतिथि तनाव छ जिन्दगी फाउन्डेशनका अध्यक्ष आदरणीय सञ्जय नाथ योगी ज्यू, द लिड नेपाल संस्थाका अध्यक्ष गोपाल बोहोरा ज्यू, यस संस्थाका कार्य समितिका सदस्य ज्यूहरु र तालिममा समावेश विद्यार्थी सहित ६० जनाको उपस्थितिमा कार्यक्रमलाई सफलता पूर्वक समापन गरिएको थियो। यस कार्यक्रमका लागि सहयोग पुर्याउनु भएकोमा हामी द लिड नेपाल परिवार यस वीरेन्द्रनगर नगपालिका वडा नं. ४ प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।








## ७. सिकाईका लागि शिक्षण कार्यक्रम अन्तर्गत शैक्षिक सामग्री वितरण कार्यक्रम

मिति २०८०/०३/१३ गतेका दिन सिकाईका लागि शिक्षण अन्तर्गत शैक्षिक सामग्री वितरण कार्यक्रमको आयोजना गरिएको थियो जसमा सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रममा नियमित ५ महिनासम्म प्रत्येक शनिवार हुने चित्रकला, सङ्गीत, नृत्य, लेखन शैली, अध्यन शैली, प्राविधिक सम्बन्धि अतिरिक्त क्रियाकलापको कक्षाहरुमा सहभागी भएका २० बालबालिकालाई एक सेट शैक्षिक सामग्री वितरण गरि उक्त अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रमलाई समापन गरेका थियौ । यस कार्यक्रमले सहभागी भएका बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुन र शिक्षालाई रचनात्मक रूप दिन मद्दत पुर्याएको थियो ।











# द लिड नेपाल

वीरेन्द्रनगर-४, सुर्खेत

वार्षिक प्रतिवेदन

२०७९/२०८०

---

## ८. सिकाईका लागि शिक्षण अन्तर्गत सामुदायिक विद्यालय स्तरीय आत्मरक्षा अभिमुखिकरण कार्यक्रम

मिति २०८०/०४/१९ गतेका दिन सिकाईका लागि शिक्षण अन्तर्गत सामुदायिक विद्यालय स्तरीय एक दिने आत्मरक्षा अभिमुखिकरण कार्यक्रम यस वीरेन्द्रनगर नगरपालिका, वडा नं. ४ मा रहेको श्री भैरव माध्यमिक विद्यालयमा आयोजना गरिएको थियो । उक्त तालिममा कक्षा १० मा अध्यनरत ३७ जना विद्यार्थीहरुको उपस्थिति थियो। विद्यार्थीहरुलाई आत्मसुरक्षा गर्ने विभिन्न विधि रोचक तरिकाले अभ्यास गराईएको थियो । वर्तमान अवस्थामा घटेका घटनाको प्रकृति हेर्दा हरेक व्यक्तिका लागि आत्मरक्षा अभिमुखिकरण तालिम आवश्यक देखिएको थियो। हरेक सार्वजनिक स्थल वा घरमा किशोर, किशोरी र अन्य व्यक्तिहरूलाई आत्मरक्षा तालिमले आफ्नो सुरक्षा गर्न सहयोग पुर्याउन यो कार्यक्रम संचालन गरिएको थियो।







## ९. सिकाईका लागि शिक्षण अन्तर्गत घरेलु बजेट व्यवस्थापन सम्बन्धि खुत्रुके कार्यक्रम

मिति २०८०/०४/२७ गतेका दिन सिकाईका लागि शिक्षण अन्तर्गत घरेलु बजेट व्यवस्थापन सम्बन्धि खुत्रुके कार्यक्रममा हामीले १० जना महिलाहरुलाई १ दिने कार्यक्रम द लिड नेपालको भवनमा आयोजना गरेका थियौ। यस तालिम महिला तथा दिदीबहिनीहरुका लागी घरेलु आर्थिक स्थिति, आम्दानी, खर्च र लगानीहरु अझ व्यवस्थित गराउन र घरेलु बजेट व्यवस्थापनद्वारा हामीले आफ्नो घरेलु आर्थिक कारोबारलाई अझ व्यवस्थित बनाउन सक्छौ भन्ने कुरा बुझाउनका लागि संचालन गरिएको थियो। यस कार्यक्रमको मुख्य लक्ष्य अनुसार महिला तथा दिदीबहिनीहरुलाई सहि ढङ्गले बचत गर्न, खर्च नियन्त्रण गर्नुका साथै कसरी घरेलु बजेट व्यस्थापन गर्ने उपाय बारे छलफल गरियो। उक्त तालिममा हरेक महिलालाई बचत गर्न उत्प्रेरित गराउनका निम्ति खुत्रुके प्रधान गरि एक दिने तालिम सफलतापूर्वक सम्पन्न गरिएको थियो।








## १०. सिकाईका लागि शिक्षण अन्तर्गत तनाव व्यवस्थापन सम्बन्धि बाल मैत्री जनचेतनामूलक कार्यक्रम

मिति २०८०/०४/३२ गतेका दिन सिकाईका लागि शिक्षण अन्तर्गत तनाव व्यवस्थापन सम्बन्धि बाल मैत्री जनचेतनामुलक १ दिने कार्यक्रम श्री छवि आधारभूत विद्यालय वडा नं. ४, वीरेन्द्रनगर सुर्खेतमा कक्षा ८ का ५८ जना विद्यार्थीहरुलाई समावेश गरि सन्चालन गरिएको थियो। यस कार्यक्रममा विद्यार्थीहरुलाई तनाव भनेको के हो, तनावका कारणहरु के-के हुन्, तनावका लक्षणहरु के-के हुन् र तनावको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीहरु माझ जनचेतना फैलाउन छलफलको आयोजना गरिएको थियो। साथै आफु स्वयम तनावको सिकार भईयो भने त्यसलाई कसरी न्युनिकरण गर्ने र सावधानीका उपायहरु के-के हुन सक्छन् भन्ने कुराको जानकारी गराउदै विद्यालयको सहयोग र विद्यार्थीको सक्रिय सहभागीतामा उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो।








# द लिड नेपाल

वीरेन्द्रनगर-४, सुर्खेत

वार्षिक प्रतिवेदन

२०७९/२०८०

---

**आ.व. २०८०/०८१ को लागि प्रस्तावित कार्यक्रमहरु:**

१. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम वीरेन्द्रनगर नगरपालिकाको वडा नं. १ देखि वडा नं. १६ सम्म गरिनेछ।

२. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम श्री कालिका मावि खाडाचक्र नगरपालिका वडा नं. ७ कालिकोटमा गरिनेछ।

३. सिप तथा रोजगारमूलक अन्तर्गत २ महिने मोबाइल तथा कम्प्यूटर मर्मत सम्बन्धि तालिम गरिनेछ।

४. २ महिने प्राविधिक सम्बन्धि कम्प्यूटर आधारभूत तालिम संचालन गरिनेछ।

५. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम पन्चपुरी नगरपालिकामा गरिनेछ।

६. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम सिम्ता गाउँपालिकामा गरिनेछ।

७. सिकाईका लागि शिक्षण अन्तर्गत अतिरिक्त क्रियाकलाप सम्बन्धि क्षमता वृद्धि कार्यक्रम गुरास गाउँपालिकामा गरिनेछ।

**--------समाप्त-------**